# खडक नगरपालिकाको युवा मैत्री स्थानिय शासन कार्यकम सञ्चालन कार्यविधि

खण्ड:९ संख्या:१ कार्यपालिका बाट पारित मिति:२०८२।०६।०७

प्रमाणीकरण मिति:२०८२।०८।०३

खडक नगरपालिका

शिक्षा,युवा तथा खेलकुद् शाखा

CamScanner

# खडक नगरपालिकाको युवा मैत्री स्थानिय शासन कार्यकम सञ्चालन कार्यविधी २०८२

कार्यपालिकाबाट स्वीकृत मिति  प्रस्तावना: खडक नगरपालिकाले सञ्चालन गर्ने गतिविधि तथा कार्यक्रमलाई युवा मैत्री किसिमले सञ्चालन गरी युवाको समग्र व्यक्तित्व विकास गर्दै, शिक्षित, स्वस्थ उद्यमशील र नेतृत्वदायी क्षमतायुक्त बनाउँदै नगरपालिकालाई युवा मैत्री स्थानीय शासनयुक्त वनाउन वाञ्छनीय भएकोले,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) दिएको अधिकार प्रयोग गरी खडक नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ।

## परिच्छेद १

## .प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम खडक नगरपालिकाको युवामैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ रहने छ।

(२) यस कार्यविधि तुरुन्त लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय भन्नाले नेपाल सरकारको युवा तथा खेलकुद हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ख) "युवा भन्नाले १६ वर्षदेखि ४० वर्ष उमेर समूहका व्यक्ति सम्झनु पर्दछ ।

(ग) 'नगरपालिका भन्नाले खडक नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "नगर कार्यपालिका" भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(ङ) "नगर प्रमुख' भन्नाले खडक नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(च) "नगर उप प्रमुख भन्नाले खडक नगरपालिकाको नगर उप प्रमुख सम्झानु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत' भन्नाले खडक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ज) "युवा मैत्री शासन" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने युवा मैत्री स्थानीय शासन दिग्दर्शनमा उल्लिखित सूचक प्राप्त भएको शासनलाई सम्झनु पर्दछ ।

(झ) "कार्यक्रम" भन्नाले १६ देखि ४० वर्ष उमेर समूहका युवाहरुलाई लक्षित गरी यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ञ) "नगर युवा परिषद्" भन्नाले खडक नगरपालिकाको नगर युवा परिषद् सम्झनु पर्छ ।

(ट) "दिग्दर्शन" भन्नाले युवामैत्री स्थानीय तह दिग्दर्शन, २०८० लाई सम्झनु पर्छ ।

(ठ) "सूचक" भन्नाले युवामैत्री स्थानीय तह दिग्दर्शन, २०८० मा उल्लेख गरिएका सूचकलाई सम्झनु पर्दछ ।

(ड) "गैरसरकारी संस्था" भन्नाले नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरी गठन भएका सामाजिक संस्थाहरूलाई सम्झनुपर्दछ ।

(ढ) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तरगतको शिक्षा, युवा तथा खेलकुद विषय हेर्ने विषयगत शाखा सम्झनु पर्दछ ।

## ३. युवा मैत्री स्थानीय शासन घोषणा गर्न सकिने :

(१) दिग्दर्शनले तोके बमोजिमको सूचकहरू प्राप्त भए पश्चात् नगरपालिकालाई युवा मैत्री स्थानीय शासन घोषणा गरिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि तोकिएको विज्ञले उक्त सूचकहरूको प्राप्ति भएको नभएको स्वतन्त्रता पूर्वक अध्ययन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विज्ञ समूहमा देहाय बमोजिम सदस्य रहनेछन्

| | |
|---|---|
| (क) नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य | संयोजक |
| (ख) कार्यपालिकाले तोकेको नगरपालिकामा युवाको क्षेत्रमा काम गरिरहेका विज्ञ एकजना | सदस्य |
| (ग) नगर स्तरीय युवा सञ्जालका अध्यक्ष | सदस्य |
| (घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

## ४. सूचकहरू थपघट तथा अद्यावधिक गर्न सकिने :-

(१) युवामैत्री स्थानीय शासन घोषणा गर्न दिग्दर्शनमा तोकिए बमोजिमको सूचक पुरा गरी तोकिएको अङ्क प्राप्त गरेको हुनुपर्नेछ।

(२) नगरपालिकालाई युवामैत्री घोषणा गर्न दिग्दर्शनमा उल्लेख भएका र नगरपालिकाले स्थानीय आवश्यकता अनुसार थप गरेका सूचकहरू अनुसूची १ बमोजिम रहने छन्।

## ५. युवा मैत्री स्थानीय शासन संयन्त्र सम्बन्धी व्यस्था:-

(१) युवा मैत्री नगरपालिकाको निर्माणको लागि तोकिएका सूचक प्राप्तिको लागि गर्नुपर्ने कामको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका काम गर्नको लागि देहाय बमोजिमको युवामैत्री स्थानीय शासन संयन्त्र रहनेछ।

| | |
|---|---|
| (क) सामाजिक विकास समिति संयोजक | अध्यक्ष |
| (ख) कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना कार्यपालिका सदस्य | सदस्य |
| (ग) नगर प्रमुखले तोकेको स्थानीय क्षेत्रमा सक्रिय रूपमा युवाको क्षेत्रमा काम गरिरहेको एक जना महिला सहित दुई जना विज्ञ | सदस्य |
| (घ) नगर युवा सञ्जाल अध्यक्ष | सदस्य |
| (ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विज्ञ सदस्य आमन्त्रित गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम गठन भएको उपसमितिको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ।

## ६. विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय:

(१) युवा मैत्री नगरपालिका निर्माणको लागि विषयगत रूपमा काम गरिरहेका अन्य विभिन्न सरकारी तथा गैरसरकारी, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्था, निकायहरूसँग समन्वय र सहकार्य गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको समन्वय तथा सहकार्यको प्रक्रिया कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

## ७. वार्षिक कार्यक्रम तथा आवधिक योजनाको अङ्ग बनाउन सकिने:

(१) नगरपालिकाले हरेक वर्ष निर्माण गर्ने वार्षिक नीति तथा कार्यक्रम, बजेट तयारी तथा आवधिक र विषयगत योजना बनाउँदा यस कार्यविधिको अनुसूची १ मा उल्लेख गरिएका सूचकलाई आफ्नो अङ्ग बनाउन सक्नेछ।

## ८. पुरस्कृत गर्न सकिने :

(१) युवामैत्री स्थानीय शासनको लागि महत्त्वपूर्ण योगदान गर्ने विभिन्न व्यक्ति, सरकारी, गैरसरकारी, निजी तथा सामुदायिक सङ्घ संस्था तथा अन्य निकाय वा पक्षलाई नगरपालिकाले विशेष कार्यक्रम गरी पुरस्कृत तथाप्रोत्साहित गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि पुरस्कृत तथा प्रोत्साहित गरिने व्यक्ति छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको एक स्वतन्त्र र स्वायत्त सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| (क) उप-प्रमुख | संयोजक |
| (ख) नगर कार्यपालिकाले तोकेको नगरपालिकामा युवाको क्षेत्रमा कामगरिरहेका विज्ञ एकजना | सदस्य |
| (ग) नगर स्तरीय युवा सञ्जालका अध्यक्ष | सदस्य |
| (घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## ९. नियन्त्रण, निर्देशन र समन्वय

(१) नगर कार्यपालिकाले युवा मैत्री नगरपालिका घोषणाको लागि गठन गरिएका सबै समिति, संयन्त्र वा उपसमितिलाई नियन्त्रण गर्न र निर्देशन दिन सक्नेछ ।

(२) नगर कार्यपालिकाले आवश्यकता अनुसार नगरपालिका अन्तर्गत रहेका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय गर्न सक्नेछ ।

## १०. अनुगमन तथा मूल्याङ्कनको समिति सम्बन्धी व्यवस्थाः

(१) नगरपालिकाबाट सञ्चालन हुने युवामैत्री स्थानीय शासनको कार्ययोजना अन्तर्गतका योजना तथा कार्यक्रम र गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कन गर्नको लागि देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

| | |
|---|---|
| (क) उप-प्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख | सदस्य सचिव |

## ११. अन्य समिति सम्बन्धी व्यवस्था :

(१) युवा मैत्री स्थानीय शासन कार्यान्वयन तथा समन्वय समितिः युवा मैत्री स्थानीय शासनको कार्यान्वयनका लागि सबै विषयगत शाखाहरू र विभिन्न सरोकारवाला निकायहरुको प्रतिनिधित्व हुने गरी प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा युवा मैत्री स्थानीय शासन कार्यान्वयन तथा समन्वय समिति गठन गर्न सकिनेछ ।

(२) युवामैत्री स्थानीय शासन सहयोग तथा प्रवर्द्धन समूह समितिः नगरपालिकामा युवामैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि बहुपक्षीय सरोकारवालाहरुको सहभागिता र नेतृत्वमा युवा मैत्री स्थानीय शासन सहयोग तथा प्रवर्द्धन समूह/समिति गठन गरी परिचालन गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको समिति/समूहको संरचना, काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## १२. विविध :

(१) यस कार्यविधिको समय सापेक्ष कार्यान्वयनका लागि नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(३) यस कार्यविधिमा व्यवस्था भएका कुनै प्रावधान सङ्घीय वा प्रादेशिक कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसुची १

### १ निती निर्माण र कार्यान्वयनमा युवाको संलग्नतासंग सम्बन्धीत सुचकहरु

| क्र.स. | सुचकहरु | मापनको बिधी | | | | कुल अङक | पुष्टिको आधार |
|---|---|---|---|---|---|---|---|
| | निती निर्माण र कार्यान्वयनमा युवाको संलग्नतासंग सम्बन्धीत सुचकहरु | | | | | | |
| १.१ | शिक्षा सम्बन्धी नीती मापदण्ड निर्माण समितिमा युवा तथा वयस्कको संयुक्त सहभागिता | व्यस्क र युवा दुबैको समान सहभागिता छ। (२ अङ्क) | समितिमा युवाको मात्रै सहभागिता छ । (१) | समितिनै छैन वा युवाको सहभागिता छैन । (०) | | २ | |

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२ | नगर शिक्षा समितिमा युवा तथा वयस्कको संयुक्त सहभागिता | व्यस्क र युवा दुवैको समान सहभागिता छ। (२ अङ्क) | समितिमा युवाको मात्रै सहभागिता छ। (१) | समितिनै छैन वा युवाको सहभागिता छैन। (०) | | २ | |
| १.३ | विदयालय व्यवस्थापन समितिमा युवा पदाधिकारीको प्रतिशत | ४०% प्रतिशत भन्दा बढि (२) | ३०% देखि ४० % सम्म (१.५) | २०% देखि ३०% सम्म (१) | १०% देखि २०% समम | २ | |
| १.४ | स्वास्थ्य समितिमा युवा तथा वयस्कको संयुक्त प्रतिनिधित्व | व्यस्क र युवा दुवैको समान सहभागिता छ। (२ अङ्क) | समितिमा युवाको मात्र सहभागिता छ। (१) | समितिनै छैन वा युवाको सहभागिता छैन। (०) | | २ | |
| १.५ | नगरपालिकामा निर्वाचित युवाको प्रतिशत | ४०% भन्दा वढी (३ अङ्क) | ३०% देखि ४०% सम्म (२ अङ्क) | २०% देखि ३०% सम्म (१ अङ्क) | १०% देखि २०% सम्म (०.५ अङ्क) | ३ | |
| १.६ | वस्तीस्तरको योजना तर्जुमा समिति वा संरचनामा सहभागी युवाको प्रतिशत | ४०% भन्दा वढी (२ अङ्क) | ३०% देखि ४०% सम्म (१.५ अङ्क) | २०% देखि ३०% सम्म (१ अङ्क) | १०% देखि २०% सम्म (०.५ अङ्क | २ | |
| १.७ | योजनाको अनुगमन तथा मूल्याङ्कन समितिमा युवाक्लवल वा सञ्जालको संस्थागत प्रतिनिधित्व | छ (२ अङ्क) | छ (२ अङ्क) | | | २ | |
| १.८ | नगरपालिकाले निर्माण गर्ने नीति तथा कानूनमा युवा संलग्नताको नीतिगत व्यवस्था सुनिश्चित गरी कार्यान्वयनमा ल्याएको | छ (२ अङ्क) | छ (२ अङ्क) | | | २ | |
| १.९ | नगरपालिकाले युवामैत्री आचारसंहिता र नीति निर्माण गरी कार्यान्वयनमा ल्याएको | छ (२ अङ्क) | केही छ अझ बन्नु पर्ने छ। (१ अङ्क) | छैन (० अङ्क) | | २ | |
| १.१० | स्थानीय विपद् पूर्व तयारी तथा व्यवस्थापन समितिमा युवाक्लवको प्रतिनिधित्व | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |

. युवासँग सम्वन्धित सरोकारका विषयवस्तुसँग सम्वन्धित सूचकहरु

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| .१ | नगरपालिका भित्र विद्यालय/कलेज नगएका युवा तथा किशोर किशोरीहरुको प्रतिशत | १% भन्दा कम (२ अङ्क) | १% देखि ३% (१.५ अङ्क) | ३% देखि ७% (१ अङ्क) | ७% देखि १०% सम्म (०.५ अङ्क) | २ | |
| २.२ | सीपमूलक प्राविधिक शिक्षा तथा उद्यमशीलता सम्वन्धी तालिम प्राप्त गरेका युवाको प्रतिशत | १% भन्दा माथि (३ अङ्क) | ४०% देखि ५०% सम्म (२ अङ्क) | ३०% देखि ४०% सम्म १ अङ्क) | ३०% देखि ४०% सम्म (१ अङ्क) | ३ | |

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.३ | स्थानिय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक संस्था | प्रशस्त छ २ अङ्क) | छ तर पर्याप्त छैन १ अङ्क) | छैन (० अङ्क) | | २ | |
| २.४ | शिक्षामा विनियोजित निशर्त बजेट प्रतिशत | १०भन्दा बढी (२अङ्क) | ७ देखि१०% (१.५ अङ्क) | ५% देखि ७% (१ अङ्क) | ३% देखि ५% सम्म (०.५ अङ्क) | २ | |
| २.५ | प्रजनन् स्वास्थ्य तथा यौन शिक्षा सम्बन्धी तालिम प्राप्त युवाको संख्या | ३०% भन्दा माथि (२ अङ्क) | २०%·देखि ३०% सम्म ( १.५ अङ्क) | १०% देखि २०% सम्म (१ अङ्क) | ५% देखि १०% सम्म ( ०.५ अङ्क) | २ | |
| २.६ | युवाको अगुवाई र नेतृत्वमा भएका स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको संख्या | १०भन्दा बढी (२अङ्क) | ६ देखि ९ वटा (१.५ अङ्क) | ३ देखि ५ वटा (१ अङ्क) | १ देखि २ वटा (०.५ अङ्क) | २ | |
| २.७ | मनोसामाजिक परामर्श केन्द्रको स्थापना तथा सञ्चालन | छ -२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| २.८ | प्रजनन् स्वास्थ्य सेवा प्राप्त गर्ने युवा को प्रतिशत | ५०% नन्दा मारि (२ अङ्क) | ४०% देखि ५०% सम्म ( १.५ अङ्क:) | ३०% देखि ४०% सम्म ( १ (१ अङ्क) | २०% देखि ३०% | २ | |
| २.९ | सुर्रक्षित प्रसुती सेवा लिने युवा महिलाको प्रतिशत | ९% भन्दा माथि (२ अङ्क) | ८०% देखि ९०% सम्म ( १.५ अङ्क) | ७०% देखि ८०% सम्म १ अङ्क) | ६०% देखि ७०% सम्म ( ०५ अङ्क) | २ | |
| २.१० | विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवाको उपलब्धता | छ (२ अङ्क) | केहीमा छ, केहीमा छैन (१ अङ्क) | छैन (० अङ्क) | | २ | |
| २.११ | विद्यालयमा सेनिटरी प्याडको उपलब्धता (सार्वजनिक र संस्थागत दुवै) | छ (२ अङ्क) | केहीमा छ, केहीमा छैन (१ अङ्क) | छैन (० अङ्क) | | २ | |
| २.१२ | स्वास्थ्य क्षेत्रमा निसर्त विनियोजित बजेट प्रतिशत | १०% भन्दा माथि (३ अङ्क) | ७% देखि १०% (२ अ अङ्क) | ५% देखि ७१ ९% (१ अङ्क) | ५% भन् न्दा कम (० अङ्क) | ३ | |
| २.१३ | खेलमैदान भएका विद्यालयको प्रतिशत | ९०% भन्दा माथि (२ अङ्क) | ८०% देखि ९०% ( १.५ अङ्क) | ७०% देखि ८०% (९३) १ ) | ६०% देखि ७०% (०.५ अङ्क) | २ | |
| २.१४ | शैक्षिक संस्था बाहेक सार्वजनिक खेल मैदान भएका वडाको प्रतिशत | ९०% भन्दामाथि ( ३ अङ्क | ८०% देखि ९०% ( २ अङ्क) | ७०% देखि ८०% (१ अङ्क) | ६०% देखि ३ ७०% (०.५ अङ्क) | ३ | |
| २.१५ | नगरपालिका स्तरीय खेलकुद विकास समितिको गठन | ३३ प्रतिशत महिला सहित | गठन मात्र छ समावेशी छैन | छैन (० अङ्क) | | २ | |
| २.१६ | खेल शिक्षक नियुक्त भएका विद्यालयको प्रतिशत | ९०% भन्दा माथि (३ अङ्क) | ८०% देखि ९०% ( २ अङ्क) ङ्) | | | ३ | |
| २.१७ | वर्षको कम्तीमा एक पटक अन्तर वडा स्तरीय खेलकुद प्रतियोगिताको सञ्चालन | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| २.१८ | खेलकुद क्षेत्रको लागि विनियोजित बजेटको प्रतिशत | ५% भन्दा माथि (३ अङ्क) | ४% देखि ५% (२अङ्क) | ३% देखि ४% | २% देखि | ३ | |

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१९ | नगरपालिकामा भएका सार्बजनिक उद्दान तथा पार्क | सबै वडामा एक एक ओटा भएमा(२ अङ्क ) | ५०% भन्दा वढि वडामा भएमा २अङ्क) | २५% देखि ५०% सम्म १ अङ्क) | १०% देखि २५% सम्म ( ०.५ अङ्क) | २ | |
| २.२० | जलवायु परिवर्तन र वातावरण संरक्षण सम्बन्धी तालिम प्राप्त युवाको प्रतिशत | ३०% भन्दा माथि (२ अङ्क | २०% देखि ३०% सम्म ( १.५ अङ्क) | १०% देखि २०% सम्म (१ अङ्क) | ५% देखि १०% (०.५ अङ्क | २ | |
| २.२१ | २० वर्ष मुनीको किशोरकिशोरी / युवाको विवाह र बालविवाह नियन्त्रणका अभियान | ०% वालविवाह (२ अङ्क) | बालविवाह नियन्त्रणबो नीतिगत व्यवस्था गरी कार्यान्वियन गरी सकारात्मक परिणाम देखिएमा ( १ अङ्क) | बालविवाह नियन्त्रणको लागि नीतिगत व्यवस्था छ, तर अफ गर्नुपर्ने छ ( ०.५ अङ्क) | छैन (० अङ्क) | २ | |

## ३ सहभागिता र नेतृत्व बिकास

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | युवा र रोजगार केन्द्रको स्थापना र सञ्चालन | छ(२ अङ्क) | कुनै एउटा मात्र भएमा ( १ अङ्क) | छैन (० अङ्क) | | २ | |
| ३.२ | सबै वडामा युवाक्लव गठन वार्षिक रुपमा कम्तिमा ४ वटा बैठक वसेको | छ (२ अङ्क) | छ तर नियमित छैन (१ अङ्क) | छैन (० अङ्क) | | २ | |
| ३.३ | नगरपालिका स्तरीय युवा सञ्जाल गठन र वार्षिक रुपमा कम्तीमा ४ वटा बैठक वसेको | छ (२ अङ्क) | छ तर नियमित छैन(१ अङ्क) | छैन (० अङ्क) | | २ | |
| ३.४ | नगरपालिका स्तरीय किशोर किशोरी सञ्जाल गठन र वार्षिक रुपमा कम्तीमा ४ वटा बैठक वसेको | छ (२ अङ्क) | छ तर नियमित छैन (१ अङ्क) | छैन (० अङ्क) | | २ | |
| ३.५ | संस्थागत विकास अभिमुखीकरण तथा तालिम प्राप्त सञ्जालका सदस्यहरुको प्रतिशत | ८०% भन्दा माथि (३ अङ्क) | ७० देखि ८० ( २ अङ्क) | ६०% देखि ७०% (१ अङ्क) | ५०% देखि ३ ६०% (०.५ अङ्क) | ३ | |
| ३.६ | नेतृत्व विकास, विपद् व्यवस्थापन, जीवन उपयोगी सीप वा अन्य क्षमता अभिवृद्धि सम्वन्धी तालिम | ८०% भन्दा माथि (३ अङ्क) | ७० देखि ८० (२ अङ्क) | ६०% देखि ७०% (१ अङ्क) | ५०% देखि ३ ६०% (०.५ अङ्क) | ३ | |
| | लिएका युवाको प्रतिशत | | | | | | |
| ३.७ | "डिजिटल क्राइम र सेक्युरिटी सम्वन्धी तालिम प्राप्त युवाको प्रतिशत | ३०% भन्दा माथि (२ अङ्क) | २०% देखि ३०% सम्म ( १.५ अङ्क) | १०% देखि २०% सम्म (१ अङ्क) | ५% देखि १०% (०.५ अङ्क) | २ | |
| ४ | विशेष वर्ग तथा समुदायका युवालाई विशेष व्यवस्था | | | | | | |

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधि[illegible]

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.१ | नगरपालिकाको नीति तथा कार्यक्रममा विशेष वर्ग तथा समुदायका युवा लक्षित कार्यक्रमको व्यवस्था | छ (२ अङ्क) | आंशिक छ १ अङ्क) | छैन (० अङ्क) | | २ | |
| ४.२ | नगरपालिकाको नीति तथा कार्यक्रममा यौनिक तथा अल्पसंख्यक नागरिक लक्षित कार्यक्रम समावेश गरिएको | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| ४.३ | नगरपालिकाको नीति तथा कार्यक्रममा विद्यालय, स्वास्थ्य चौकी लगायतका सार्वजनिक निकायहरु अपाङ्गता मैत्री संरचना निर्माणका बारेमा समावेश गरिएको । | छर कार्यान्वयन छ (२ अङ्क) | आंशिक कार्यान्वयन व्यवस्था छ, छ (१ अङ्क) | व्यवस्था छैन वा कार्यान्वयन छैन (० अङ्क) | | २ | |
| ४.४ | नगरपालिकाले नीति निर्माण प्रक्रियामा लैङ्गिक, धार्मिक, जातीय, भौगोलिक रुपमा पछाडि पारिएका र अल्पसंख्यकको प्रतिनिधित्वको नीतिगत सुनिश्चितता | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| ४.५ | नगरपालिकाको नीति तथा कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास सम्बन्धी विषय समावेश गरिएको | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| ४.६ | युवा सम्बन्धी वस्तुगत विवरण / प्रोफइल तयार | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| ४.७ | नगरपालिकामा युवा मैत्री स्थानीय शासन सम्पर्क इकाइको स्थापना | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| ४.८ | नगरपालिकामा युवा मैत्री स्थानीय शासन स्रोत केन्द्रको स्थापना | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |

यस सूचकमा प्राप्त अङ्कलाई निम्न अनुसार वर्गीकरण गरि युवामैत्री स्थानीय शासनको अवस्थालाई मापन गर्न सकिन्छ, जसमा :

निकै सुधार गर्नुपर्ने (०-४०)

युवामैत्री उन्मुख (४०-६०)

युवामैत्री निकट (६०-८०)

युवामैत्री नगरपालिका (८० भन्दा माथि)

आज्ञाले

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner